# पचालझरना गाउँपालिका
# स्थानीय राजपत्र

पचालझरना गाउँपालिकाद्वारा प्रकाशित

पचालझरना राजपत्र      मितिः **20**८३/०४/१५


## खण्ड-१० संख्याः०१ भाग- २

## पचालझरना गाउँपालिकामा प्रधानाध्यापक व्यवस्थापन, शिक्षकको सरूवा तथा कामकाज सम्बन्धी कार्यविधि, २०८३

नेपालको संविधान, २०७२ को अनुसूची-८ अन्तर्गत स्थानीय तहको एकल अधिकार सूचीको बुँदा नं. ८ मा आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहमा रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) को स्थानीय तहको अधिकार, शिक्षा नियमावली २०५९ दशौं संशोधनको नियम (९३) उपनियम (२), नियम ९९ र पचालझरना गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०८३ को दफा ३१ को उपदफा ७ बमोजिम पचालझरना गाउँपालिका, गाउँ कार्यपालिकाबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि यो कार्यविधि प्रकाशित गरिएको छ।

### प्रस्तावनाः

नेपालको संविधान, २०७२ को अनुसूची-८ अन्तर्गत स्थानीय तहको एकल अधिकार सूचीको बुँदा नं. ८ मा आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षाको अधिकार स्थानीय तहमा रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (१) को स्थानीय तहको अधिकार, शिक्षा नियमावली २०५९ दशौं संशोधनको नियम (९३) उपनियम (२), नियम ९९ तथा पचालझरना गाउँपालिकाको शिक्षा ऐन २०८३ को दफा ३१ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका भित्रको शैक्षिक व्यवस्थापनलाई जवाफदेही र सुशासनयुक्त बनाई शैक्षिक गुणस्तर सुधार गर्न गाउँ शिक्षा समितिले प्रधानाध्यापक व्यवस्थापन, शिक्षकहरूको काज, सरूवा तथा कामकाज सम्बन्धी व्यवस्था गर्नका लागि देहायबमोजिम कार्यविधि तयार गरेको छ। यो कार्यविधि

पचालझरना गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरूमा लागु हुनेछ।

परिच्छेद -१

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः-

(१) यस कार्यविधिको नाम "पचालझरना गाउँपालिकामा प्रधानाध्यापक व्यवस्थापन, शिक्षकको सरूवा तथा कामकाज सम्बन्धी कार्यविधि २०८३" रहेकोछ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक तथा प्रशासकीय प्रमुख भन्ने बुझ्नु पर्दछ ।

(ख) "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा सरकारी अनुदानको स्थायी, अस्थायी, करार, राहत, संघीय शिक्षण सिकाई अनुदान तथा गाउँपालिका अनुदानमा कार्यरत शिक्षक तथा प्रधानाध्यापकलाई बुझ्नुपर्दछ।

(ग) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहायक (लेखापाल) तथा विद्यालय सहयोगी बुझ्नु पर्दछ।

(घ) "सहजकर्ता" भन्नाले बालविकास केन्द्र संचालन गर्न तोकिएको व्यक्तिलाई बुझ्नु पर

(ङ) "कार्यालय" भन्नाले पचालझरना गाउँपालिकाको कार्यालय बुझ्नु पर्दछ ।

(च) "सामुदायिक विद्यालय" भन्नाले सरकारी अनुदानबाट सञ्चालित विद्यालय बुझ्नु पर्दछ ।

(छ) "गाउँपालिका" भन्नाले पचालझरना गाउँपालिका बुझ्नु पर्दछ।

(ज) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख बरिष्ठ शिक्षा अधिकृत वा प्रमुखको काम गर्न तोकिएको व्यक्तिलाई जनाउँछ ।

(झ) " काज, सरूवा तथा कामकाज " भन्नाले पचालझरना गाउँपालिका भित्रका अन्तर विद्यालयहरुमा

काज, सरूवा तथा कामकाजमा खटाउने सम्झनुपर्छ ।

(ञ) "गाउँ कार्यपालिका " भन्नाले पचालझरना गाउँ कार्यपालिकालाई सम्झनुपर्छ ।

(ट) "विद्यालय" भन्नाले पचालझरना गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु सम्झनुपर्छ।

(ठ) "समिति" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ड)"प्रमुख प्रशासकीय अधिकृत"भन्नाले पचालझरना गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

परिच्छेद -२

प्रधानाध्यापकको नियुक्ति सम्बन्धि व्यवस्थाः

(१) विद्यालयको शैक्षिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक

विद्यालयमा एकजना प्रधानाध्यापक रहनेछ । प्रधानाध्यापक व्यवस्थाको लागि योग्यता र सेवा अवधि पुगेका व्यक्तिबाट कार्य गर्न चाहेको विद्यालय उल्लेख गरी गाउँपालिकाले कम्तिमा १५ दिनको सूचना प्रकाशन गरी  दर्खास्त आह्वान गर्नेछ ।

(२) उपदफा १ बमोजिम प्रधानाध्यपक हुनको लागि देहायबमोजिमको योग्यता वा सेवा अवधि पुगेको व्यक्ति उम्मेदार हुन सक्नेछ ।

(क) आधारभूत तहको हकमा स्नातक र माध्यमिक तहको हकमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकमध्येबाट दरखास्त आह्वान गर्नेछ । तर शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उतीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापक पदमा र शिक्षाशास्त्र विषयमा प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी पाँच वर्ष स्थायी सेवा गरेको शिक्षक आधारभूत तहको प्रधानाध्यापकको पदमा उम्मेदार हुन पाउनेछ ।

(ख) उपनियम (२) "क" मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक कार्यरत नरहेमा स्थानीय तह भित्रको जुनसुकै विद्यालय र स्थानीय तह भित्रको सम्बन्धित तहमा समेत स्थायी शिक्षक कार्यरत नरहेमा जिल्लाभित्रको जुनसुकै विद्यालयमा कार्यरत स्थायी शिक्षकबाट दरखास्त आह्वान गर्न सकिनेछ । यदि यसरी दरखास्त आह्वान गरेको १५ दिनभित्र पनि स्थानीय तहभन्दा बाहिरको कुनैपनि शिक्षकको दरखास्त नपरेमा र माध्यमिक तहमा कार्यरत स्थायी शिक्षक यस गाउँपालिकामा नपुग भएको खण्डमा योगयता पुगेका निम्नमाध्यमिक द्वितीय र प्राथमिक प्रथम शिक्षकबाट पनि माध्यमिक तहको प्रधानाध्यापक बन्न सक्नेछन । आधारभूत तह (१-८) को विद्यालयमा प्रधानाध्यापक बन्नको लागि निम्नमाध्यमिक तहमा कार्यरत स्थायी शिक्षकले दरखास्त दिनु पर्नेछ र निम्नमाध्यमिक तहमा प्रधानाध्यपक हुनको लागि योग्यता पुगेको प्राथमिक द्वितीय श्रेणीको शिक्षक पनि योग्य हुनेछ, प्राथमिक तह (१-५) र (१-३) सम्म सञ्चालित विद्यालयको लागि प्राथमिक तहमा कार्यरत स्थायी शिक्षकबाट दरखास्त आह्वान गर्न सकिने छ ।

(ग) जुनसुकै तहको प्रधानाध्यापकको लागि दरखास्त दिंदा अनिवार्य रूपमा विद्यालय विकास प्रस्ताव पेश गर्नु पर्नेछ ।

(घ) कुनै विद्यालयमा कार्यरत शिक्षकहरूबाट प्रस्तावसहितको दरखास्त पेश नगरेको अवस्थामा गाउँपालिकाभित्रको अन्य विद्यालयमा कार्यरत योग्यता पुगेका र प्रस्तावसहितको दरखास्त पेश गरेका शिक्षकहरूलाई योग्यता क्रम, क्षमता र आवश्यकताको आधारमा अनुसूचि १ को आधारमा प्रधानाध्यापक पदमा करार सम्झौता गरी गाउँशिक्षा समितिले पठाउन सक्नेछ । प्रधानाध्यपकको रूपमा खटाउँदा पद रहेको विद्यालयमा खटाइएको विद्यालयबाट विषय मिलानको आधारमा शिक्षकलाई कामकाजमा खटाउनु पर्नेछ।

(ङ) प्रधानाध्यपक छनोट प्रयोजनको लागि सङ्कलित दरखास्त र विद्यालय विकास

प्रस्तावको आधरमा अनुसूची १ मा रहेका मापदण्डमा रहि तथा शिक्षा ऐन तथा नियमावलीको मापदण्ड प्रयोग गरी गाउँशिक्षा समितिको सिफारिसमा विद्यालय विकास प्रस्तावमा लेखिएका सुचकहरू समयबद्ध रूपमा पुरा गर्ने कार्यसम्पादन करार गराई प्रमुख प्रशासकीय अधिकृतले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(च) प्रधानाध्यापकले आफुले गरेको कार्यसम्पादन करार बमोजिमको काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनि गाउँपालिकामा रहेको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रमुखले खटाएको अधिकृतको मूल्याङकन सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बेला करार सम्झौता रद्ध गर्न सक्नेछ ।

(छ) **सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुर्याउन विद्यालयमा कार्यरत बरिष्ठतम शिक्षक मध्येबाट व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यपक तोक्न सक्नेछ ।

(ज) प्रधानाध्यापकको काम कर्तव्य र अधिकार शिक्षा ऐन तथा नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- ३

**३. काज, सरूवा तथा कामकाज सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्ताहरुको यस गाउँपालिका भित्रका अन्तर विद्यालयमा समान तह तथा सम्भव भएसम्म विषय मिल्ने दरबन्दीमा गाउँ शिक्षा समितिको सिफारिसमा कार्यालयले सामुदायिक विद्यालयमा कार्यरत करार, अस्थायी, स्थायी, राहत र शिक्षण सिकाई अनुदान, गाउँपालिका अनुदानमा कार्यरत शिक्षक, कर्मचारी तथा बालविकास सहजकर्तालाई आवश्यकता र कार्यसम्पादनको आधारमा गाउँपालिका भित्रका अन्तर विद्यालयमा काज सरुवा गर्न सकिनेछ तर एउटै विद्यालयमा स्थायी सेवा अवधि ३ वर्ष भन्दा बढी भएका शिक्षकहरूलाई एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा सरूवा गर्न सकिने छ।

(२) काज सरुवा वा सरूवा गर्दा शैक्षिक सत्रको शुरुमा गर्नुपर्ने छ। तर गाउँ शिक्षा समितिले आवश्यकता महसुस गरी सरुवा को लागि सिफारिस गरेमा र कुनै शिक्षक कर्मचारीको सन्तोषजनक कार्यसम्पादन नदेखिएमा आवश्यकतानुसार शैक्षिक सत्र संचालनमा रहेको जुनसुकै समयमा सरुवा काज तथा कामकाजमा खटाउन सकिनेछ ।

(३) यस सरुवा कार्यविधि बमोजिम काज सरुवा गर्दा सकेसम्म शिक्षकको तह र अध्यापन गर्ने विषय मिलान गरी वा विद्यालयमा कक्षागत र विषयगत पठनपाठनमा बाधा नपर्ने गरी काजसरुवा सम्बन्धी काम गर्न सकिनेछ। तर कुनै एक विद्यालयमा स्थायी, राहत, अन्य

दरबन्दी र अनुदानमा रहेको तर अन्य सोही सरहका विद्यालयमा स्थायी, राहत र अन्य दरबन्दी नभएको अवस्थामा आवश्यकतालाई मध्यनजर गरी साविक विद्यालयमानै दरबन्दी रहने गरी अन्य विद्यालयमा कामकाजमा पठाउन सकिनेछ।

(४) सरुवा गर्दा आधारभूत तह (१-५) को हकमा शिक्षक विद्यार्थी अनुपात र आधारभूत तह (६-८) र माध्यमिक तहको हकमा शिक्षक विद्यार्थी अनुपातका साथै विषयगत आधारमा सरुवा,काज तथा कामकाजमा सरुवा गरिनेछ ।

(५) शिक्षक कर्मचारीहरुको काज सरुवा गर्दा एउटै विद्यालयमा तीन वर्ष सेवा गरेका शिक्षकले अनिवार्य रूपमा गाउँपालिकामा रहेका सबै विद्यालयहरु प्राथमिकताक्रम अनुसार काज सरुवा वा सरुवा हुन चाहेको विद्यालय उल्लेख गरी अनुसूची -२ मा तोकिएको ढाँचामा सरुवा फाराम भरी गाउँपालिकाले सरुवाको लागि सूचना गरेको समय भित्र व्यक्तिगत रुपमा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ। उक्त फाराममा भरेका विद्यालयहरूमध्ये शिक्षकको जेष्ठता, योग्यता, क्षमता, कार्यसम्पादन र भौगोलिकतालाई आधार मानि गाउँशिक्षा समितिले काजमा खटाउन सक्नेछ ।

(६) उपखण्ड ६ बमोजिम तोकिएको मिति भित्र एउटै विद्यालयमा तीन वर्ष सेवा अवधि पूरा गरेको शिक्षकको निवेदन नपरेमा गाउँ शिक्षा समितिले आवश्यकता अनुसार गाउँपालिका भित्रको जुनसुकै विद्यालयमा काज सरुवा गर्न सक्नेछ।

(७) तर तीन वर्ष अवधि पुगिसकेको कुनै शिक्षकलाई सम्बन्धित विद्यालयबाट अन्यत्र सार्दा सिकाइ गुणस्तरमा समस्या आउने तथा विद्यालय संचालनमा समस्या आउने कुरा शिक्षा समितिले महशुस गरेमा उक्त शिक्षकलाई काजमा खटाउनै पर्ने बाध्यता हुने छैन ।

**४. गाउँ शिक्षा समितिले शिक्षक सरुवा गर्ने आधार तथा मापदण्डः-**

शिक्षकको काज सरुवाको लागि दरखास्त आव्हान भएपछि प्राप्त निवेदनमा गाउँशिक्षा समितिले अध्यायन जाँचबुझ तथा विश्लेषण गरि देहाएको आधारमा शिक्षकको काज सरूवा गर्नेछ ।

(क) शिक्षक कार्यरत विद्यालयमा रहेको अवधि,

(ख) शिक्षकको शैशिक योग्यता र सरुवाको माग,

(ग)हाल कार्यरत विद्यालयमा निजको जिम्मेवारी, कार्यसम्पादन र नतिजाको अवस्था,

(घ) निम्नमाध्यमिक र माध्यमिक तहको हकमा विषयगत दर्बन्दी संरचना,

(ङ)एउटै विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(च) दरबन्दी मिलान गर्ने काममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(छ) विपदका कारण विद्यालय भएको स्थानको समुदाय अन्यत्र स्थानमा स्थानान्तरण गर्नुपर्ने अवस्था आएमा गाउँपालिका विपत् व्यवस्थापन समितिले सिफारिस गरेमा,

(ज) शिक्षकको कार्यसम्पादन, विशेषज्ञता र विद्यालयको शैक्षिक उपलब्धिको

आधारमा,

(झ) न्यूनतम शिक्षक विद्यार्थी अनुपात मापदण्डको आधारमा,

(ञ) समान तह र विषय मिल्ने र विद्यालय व्यवस्थापन समितिको सहमति सहित आपसि सहमतिमा काज सरुवा गर्न चाहेमा,

(ट) स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको र अवकास हुन एक वर्ष वा सो भन्दा कम समय अवधि बाँकी रहेको शिक्षक कर्मचारीको हकमा काज सरुवा गरिने छैन,

(ठ) लामो अवधि एउटै विद्यालय बसेका शिक्षकलाई काज सरुवाको लागि पहिलो प्राथमिकता दिईनेछ,

(ड) सरुवा गर्दा विद्यालय व्यवस्थापन समितिसँग समन्वय र जानकारी गराईनेछ,

(ढ) एउटै विद्यालयमा पाँच शैक्षिक सत्र पूरा गरेका शिक्षकलाई एक विद्यालय बाट अर्को विद्यालयमा आवश्यकता र औचित्यताको आधारमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम शिक्षकको काज सरुवा गर्न सक्नेछ। तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि एउटै विद्यालयमा एक वर्ष सेवा अवधि पूरा भएका शिक्षक कर्मचारीको व्यक्तिगत कार्यसम्पादन सन्तोषजनक वा राम्रो नभएको अवस्थामा आवश्यकता र औचित्यताको आधारमा गाउँ शिक्षा समितिले गाउँपालिका क्षेत्र भित्रको अन्य विद्यालयमा काज सरुवा पनि गर्न सक्नेछ,

(ण) शून्य दरबन्दी भएको विद्यालयमा आवश्यकता हेरी राहत वा स्थायी दरबन्दीमा भएको शिक्षकलाई कामकाजमा खटाईनेछ,

(त) महिला तथा अपाङ्गता भएका शिक्षक कर्मचारीहरुलाई अपाङ्गताको प्रकृति हेरी निजलाई पाईक पर्ने विद्यालयमा काज सरुवा गर्न सकिनेछ।

(थ) कुनै शिक्षकलाई दिर्ग रोग लागेको अवस्थामा शारिरीक समस्या वा जोखिम बढ्न सक्ने अवस्था भएमा निज शिक्षकलाई काज सरुवा गरिने छैन ।

**५. शिक्षकको आपसी सहमतिमा काजसरुवा गर्ने आधार सम्बन्धी व्यवस्थाः-**

(१) विद्यालयले रिक्त भएको पदको विवरण पद रिक्त भएको एक हप्ताभित्र अनुसूची -२ मा तोकिएको ढाँचामा कार्यालयलाई उपलब्ध गराउनेछ ।

(२) सरुवा हुन चाहेको शिक्षकले सरुवाको उपयुक्त कारणखोली अनुसूची-३ मा तोकिएको ढाँचामा सरुवा फाराम भरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित साविक (छोड्ने) विद्यालयबाट सरुवा सहमति र सरुवा भै जान चाहेको (प्रवेश गर्ने) विद्यालयबाट सरुवा अनुमति प्राप्त गरी कार्यालयमा निवेदन दिएमा ।

(३) गाउँपालिकाले रीतपूर्वक प्राप्त निवेदन उपर छानबिन गरी आवश्यकता र उपयुक्तताका आधारमा काज सरुवा गर्न सक्नेछ ।

(४) अन्य विशेष परिस्थितिमा भएको खण्डमा आवश्यकता अनुसार काजसरुवा गर्न सक्नेछ ।

**५(क) शिक्षक सरूवाको कार्यान्वयनः**

गाउँशिक्षा समितिको निर्णयबाट गरिएको शिक्षक काज सरुवा सम्बन्धि निर्णयको कार्यान्वयन गर्ने गराउने दायित्व सम्बन्धित विद्यालयको हुनेछ। यदि कुनै विद्यालयले तोकिएको समयभित्र उक्त निर्णयको कार्यान्वयन नगरेमा नियमानुसार कार्वाही गरिनेछ ।

## परिच्छेद -४

**६. प्रधानाध्यापक वा शिक्षकलाई जिम्मेवारी तोकि कामकाज खटाउन सकिने:-**

(१) सामान्यतया प्रधानाध्यापकलाई विद्यालयको नियमित पठनपाठनमा असर पर्ने गरी अन्यत्र विद्यालयमा वा कार्यालयमा काजमा खटाउन हुदैन। तथापी सम्बन्धित शिक्षक तथा प्रधानाध्यपकको विज्ञताको सेवा अन्य विद्यालय वा कार्यालयलाई तत्काल आवश्यक भएमा, विद्यालयको शैक्षिक गुणस्तर न्यून भएमा वा आचार संहिता उलङ्घन वा अन्य कारणले शिक्षकलाई कार्यरत विद्यालयमा रहन र कार्य गर्न असुविधा र असुरक्षा स्पष्ट आधार देखिएमा वा नसिहत दिनु परेमा औचित्य र आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको निर्यण बमोजिम कार्यालयले बढीमा तिन शैक्षिक सत्र सम्मको लागि शिक्षक तथा प्रधानाध्यापकलाई अन्य उपयुक्त विद्यालय तथा कार्यालयमा कामकाजको लागि खटाउन सकिनेछ।सो कार्यरत विद्यालयबाट काज खटाउदाका बखत यदि शिक्षक वा विषयको शिक्षक रिक्त वा अपुग हुने अवस्था आएको खण्डमा तत्काल सो विद्यालयको पठनपाठनमा अवरोध नहुन दिन सो विद्यालयमा र शून्य दरबन्दी भएको विद्यालयमा काज शिक्षक खटाउदाका बखत हुने साविकको विद्यालयमा अपुग हुन जाने शिक्षक गाउँ शिक्षा समितिले गाउँपालिकाको अनुदानमा शिक्षक व्यवस्थापन गरी आवश्यक व्यवस्थापन गर्न सक्नेछ।

(२) उपखण्ड १ बमोजिम काजमा सरुवा भएका शिक्षक तथा प्रधानाध्यापकहरुले निजको तलब भत्ता साविकको खाईपाई आएको विद्यालयबाट खाएतापनि सरुवा भएको विद्यालयमा कार्यक्षमता र योग्यताका आधारमा आर्थिक अधिकार सहितको जिम्मेवारी लिन वा दिन कुनै बाधा अड्काउ हुने छैन।

(३) विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी सहित शिक्षकलाई एक विद्यालय बाट अर्को विद्यालयमा सरुवा गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्ताव, निजको हाल कार्यरत रहदाको कार्यसम्पादन, व्यवस्थापकीय कार्यकूशलता र नेतृत्व सीप र शैलीका आधारमा उपयुक्तता हेरी सरुवा, काज तथा कामकाजमा खटाउन सकिनेछ ।

(४) माथि उपखण्ड (१) देखि (३) मा जुनसुकै लेखिएको भए तापनि गाउँपालिका भित्रको शैक्षिक

व्यवस्थापन एवम् गुणस्तर सुधार गर्ने, शिक्षक, कर्मचारी तथा प्रधानाध्यापकको हकमा हाल कार्यरत रहेको विद्यालयमा विषयगत र प्रशासनिक क्षेत्रमा भएको विज्ञता विद्यालयको समग्र शैक्षिक गुणस्तर वा शैक्षिक क्षेत्रमा गरेको उत्कृष्ट योगदान, शैक्षिक उपलब्धी, आर्थिक पारदर्शिता,

प्रशासनिक पक्षमा गरेको सुधार, भौतिक व्यवस्थापन तथा शिक्षक, विद्यार्थी र अभिभावक संगको

राम्रो अन्तर-सम्बन्ध, संस्थागत र व्यक्तिगत उत्कृष्ट कार्यसम्पादन, व्यवस्थापकीय पक्षमा कार्यकुशलता, नेतृत्व सीप वा शैक्षिक वा प्रशासनिक कार्यशैलिका आधारमा उपयुक्तताको अवस्थालाई मध्यनजर गरी निज लाई प्रोत्साहन स्वरुप निज कार्यरत रहेकै विद्यालयमा वा निज शिक्षक कर्मचारीले चाहेको विद्यालय वा कार्यालयमा राख्न वा खटाउन सकिनेछ। सोको लागि आवश्यक पुष्ट्याई र तथ्यका आधारमा गाउँ शिक्षा समितिले निर्णय गरे बमोजिम हुनेछ।

**७. दरबन्दी मिलान, विद्यालय गाभ्ने, तह घटाउने वा कक्षा थप गर्ने वा घटाउने तथा अन्य व्यवस्थाः-**

(१) स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी गाँउपालिका भित्रको शैक्षिक व्यवस्थापनलाई जवाफदेही र सुशासनयुक्त बनाई शैक्षिक गुणस्तर सुधार गर्न गाँउपालिका भित्रमा गाँउ शिक्षा समितिले तोकिएको मापदण्डको आधारमा गाउँ शिक्षा समितिले दरवन्दी मिलान गर्न सक्नेछ ।

(२) दरबन्दी मिलान गर्दा एकै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा भएका शिक्षक कर्मचारीहरूलाई गाउँ शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति विना पनि गाउँ क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा वा काज सरुवा गर्न सक्नेछ ।

(३) प्रत्येक विद्यालयमा अनिवार्य रुपमा एउटा प्रारम्भिक बालविकास केन्द्र रहने गरी बाल विकास केन्द्र र केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरूलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्न सकिनेछ।

(४) समुदायमा रहेका प्रारम्भिक बालविकास केन्द्रलाई अनिवार्य विद्यालयमा केन्द्रित रहने गरी व्यवस्थापन गर्न सकिनेछ ।

(५) माथि उपखण्ड (१) देखि (४) मा जुनसुकै लेखिएको भए तापनि गाउँपालिका भित्रको शैक्षिक व्यवस्थापन एवम् गुणस्तर सुधार गर्ने क्रममा, शिक्षक दरबन्दी मिलान गर्ने, शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने र आवश्यक पुष्ट्याई र तथ्यका आधारमा विद्यालय अनुगमन समितिको सिफारिसमा वा प्रत्येक शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना पहिले नै गाउँ शिक्षा समितिले दरबन्दी मिलान तथा काज सरुवा समिति गठन गर्न सक्नेछ ।सो समिति बाट आएको दरबन्दी मिलान तथा सरुवा सम्बन्धी प्रतिवेदनको आधारमा गाउँ शिक्षा समितिले शिक्षक, कर्मचारी तथा प्रधानाध्यापकको एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षक कर्मचारीहरुलाई सरुवा,काज वा

कामकाजमा खटाउन सक्नेछ।

तर,माथि उपखण्ड (१) देखि (५) मा शिक्षक तथा प्रधानाध्यापकको काज सरुवा व्यवस्थापन,शिक्षक दरबन्दी मिलान गर्ने,शिक्षक र विद्यार्थी अनुपातमा मिलान गर्दा र गर्ने क्रममा आवश्यक पुष्ट्याईको आधारमा गाँउशिक्षा समितिले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न,तह घटाउनवा कक्षा घटाउन र विद्यालय बन्द गर्न समेत कुनै बाधा पर्ने छैन।

(६) गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले विद्यालय गाभ्न, सार्न, नाम परिवर्तन गर्न, तह थप गर्न, तह घटाउनवा कक्षा थप गर्न, वा कक्षा घटाउन र विद्यालय स्थापना गर्न, वा संचालनमा रहेको विद्यालय बन्द नियमानुसार गर्न समेत कुनै बाधा पर्ने छैन।

(७) विद्यालय गाभ्नको लागि शिक्षा नियमावली २०५९, अनुसार तोकिए बमोजिमको पूर्वाधार कायम नरहेका विद्यालयहरु आवश्यकता अनुसार गाभ्न सकिनेछ।त्यसरी गाभिएका विद्यालयको चल, अचल सम्पतिको व्यवस्थापन गाभिएको विद्यालयमा नामसारी र जिन्सी दाखिला गरि आम्दानीमा बाधी अभिलेख राख्नुपर्नेछ।

(८) विद्यालय गाभिए वा बन्द भएमा भौगोलिक विकटताको आधारमा आवश्यकता देखिएमा उक्त विद्यालयमा बालविकास केन्द्र संचालनको व्यवस्था गर्न सकिनेछ।

(९) गाभिएका विद्यालयको शिक्षक कर्मचारीहरुको विषय मिलान हुने गरी व्यवस्थापन गर्नुपर्ने र विषय मिलान गर्दा बचेको वा दोहोरोमा परेका दरबन्दी अन्यत्र विद्यालयलाई व्यवस्थापन हुनेगरी

गाउँ शिक्षा समितिको निर्णय बमोजिम मिलान गर्न सकिनेछ।

**८. अन्य स्थानीय तह मा सरुवा गर्ने वा काज खटाउनेसम्बन्धी व्यवस्था :-**

(१) अन्य स्थानीय तहबाट सरुवा भै आउन र सरुवा भै जानका लागि तहगत/विषयगत दरबन्दी र पद मिलान हुने गरी शिक्षा विकास तथा समन्वय इकाईसँगको समन्वयमा सरुवा गरिनेछ ।

(२) अन्य स्थानीय तहबाट सरुवा भै आउनको लागि अनुसूची -३ को ढाँचामा साबिक ( छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरूवा भै आउन लागेको ( प्रवेश गर्ने) विद्यालय र स्थानीय तहको अनुमति पत्र आवश्यक हुनेछ ।

(३) अन्य स्थानीय तहमा सरुवा भै जानको लागि साबिक (छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरुवाभै आउन लागेको (प्रवेश गर्ने) विद्यालय र स्थानीय तहको अनुमति पत्र आवश्यक हुनेछ ।

## परिच्छेद -५

**९. कार्यविधि सम्बन्धी व्यवस्थाः**

यस कार्यविधिमा उल्लेख नभएका प्रधानाध्यापक व्यवस्थापन, शिक्षक सरुवा वा काज सम्बन्धी अन्य व्यवस्था संघीय/प्रादेशिक शिक्षा ऐन नियमावली बमोजिम हुनेछ।

१०. कार्यविधिमा संशोधन सम्बन्धी व्यवस्थाः-

संघीय/प्रादेशिक शिक्षा ऐन नियमावलीसँग तालमेल हुने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले समय समयमा यस कार्यविधिमा परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

११.कामकाजका खटाएको ठाउँमा जानुपर्नेः

यस कार्यविधि बमोजिम कामकाज सरुवा भएका शिक्षकहरुले प्रचलित कानूनले तोकेको समयभित्र कामकाजमा खटाइएको विद्यालयमा अनिवार्य हाजिरी भई कामकाज गर्नु पर्नेछ। यसरी तोकिएको समयमा हाजिरी हुन नजाने शिक्षकलाई विद्यालयले हाजिरी गराउन बाध्ये हुने छैन। तोकिएको विद्यालयमा हाजिरी हुन नजाने शिक्षकको तलब भत्ता रोकिने छ।

१२.हाजिरी गराई कामकाजमा लगाउनु पर्नेः

यस कार्यविधि बमोजिम सरूवा भइ आएका वा काज सरुवा भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रूपमा हाजिरी गराई नियमानुसार काममा लगाउनु पर्नेछ ।

१३. बाधा अड्चन फुकाउः-

यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अड्चन आएमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा वा अड्चन फुकाउन सक्नेछ ।

१४. प्रचलित कानून अनुसार हुनेः-

यस कार्यविधिमा लेखिए बमोजिमका प्रावधानहरु संघीय र प्रादेशिक कानूनसँग बाझिएको खण्डमा संघीय र प्रादेशिक कानुन बमोजिम हुनेछ ।

## परिच्छेद-६

## अनुसूची १

(परिच्छेद २ (ङ) सँग सम्बन्धित)

प्रधानाध्यापक छनौटका आधारहरू

| छनौटका आधारहरू | अंक | |
|---|---|---|
| १. शैक्षिक योग्यता | १५ | |
| (क) न्युनतम शैक्षिक | | १० |
| (ख) माथिल्लो शैक्षिक योग्यता | ५ | |
| २. शिक्षण अनुभव | २० | |
| ३. तालिम | १२ | |
| (क) शैक्षिक तालिम | | १० |
| (ख) विद्यालय व्यवस्थापन तालिम | २ | |
| ४. अध्यपन गरेको विषयमा प्राप्त नतिजा | १२ | |

५. विद्यालय विकास प्रस्ताव १५

(क) विद्यालय विकास प्रस्ताव १०

(ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण ४

६. अन्तर्वार्ता मूल्याङ्कन १५

(क) व्यक्तित्व।प्रस्तुतीकरण २

(ख) नेतृत्व लिने क्षमता ५

(ग) शैक्षिक प्रशासन सम्बन्धी ज्ञान ५

(घ) विद्यालय व्यवस्थापनमा नवप्रवर्धन ३

७. सूचना र प्रविधि सम्बन्धी ज्ञान १२

(क) ICT सम्बन्धी ज्ञान ७

(ख) IEMIS सम्बन्धी ज्ञान ५

जम्माः १००

(१) **शैक्षिक योग्यता – १५ अंक**

(अ) न्युनतम शैक्षिक योग्यता वापत १० अंक

१. प्रथम श्रेणी भए १० अंक

२. द्धितीय श्रेणी भए ८ अंक

३. तृतीय वा पास श्रेणी भए ६ अंक

४. श्रेणी नखुलेको भए द्धितीय श्रेणीको अङ्क प्रदान गर्ने

(आ) माथिल्लो शैक्षिक योग्यता वापत ५ अंक

१.प्रथम श्रेणी भए ५ अंक

२.द्धितीय श्रेणी भए ४ अंक

३. तृतीय वा पास श्रेणी भए ३ अंक

४. श्रेणी नखुलेको भए द्धितीय श्रेणीको अङ्क प्रदान गर्ने

५. पुष्ट्याईः माध्यमिक तहको हकमा एमफिल डिग्री, आधारभूत तह (कक्षा १-५ ।कक्षा १-८) को हकमा स्नातकोत्तर डिग्रीलाई माथिल्लो योग्यता मानिने छ

(२) **शिक्षण अनुभव – २० अंक**

सम्बन्धित तहमा स्थायी नियुक्ति पाइ कामकाज गरेको प्रति वर्ष २.५ अङ्कका दरले र अस्थायी राहत करारमा राहत करारमा नियुक्ति पाइ कामकाज गरेको भए प्रति वर्षको १.५ अङ्कका दरले बढीमा २० अङ्क

(३) **तालिम बापत १२ अङ्क**

(अ) शैक्षिक तालिम बापत १० अङ्क

न्युनतम १० महिनाको प्रमाण पत्रसहितको सेवाकालिन तालिमका लागि ( यस बापत शिक्षक पदका लागि आवश्यक न्युनतम शैक्षिक योग्यता सरहको शिक्षा शास्त्र विषय अध्ययन गरेकोलाई तालिम लिएको मानिने)

१. प्रथम श्रेणी भए १० अंक

२. द्धितीय श्रेणी भए ८ अंक

३. तृतीय वा पास श्रेणी भए ६ अंक

शिक्षकले सम्बन्धित तहको लागि लिएको कुनै एउटा तालिम बापत मात्र अङ्क पाउनेछ ।

(आ) विद्यालय व्यवस्थापन वा प्रधानाध्यापक सम्बन्धी तालिम बापत २ अङ्क

शिक्षा तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्व विकास सम्बन्धी कम्तिमा एक महिनाको प्रधानाध्यापक तालिम लिएको भए २ अङ्क प्रदान गर्ने ।

**(४) अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत १२ अङ्क**

अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत शिक्षकले रोजेको ( तहगत रूपमा माध्यमिक तहको भए माध्यमिक कक्षाहरू आधारभूत तहको भए आधारभूत तहका कक्षाहरू) कक्षा र विषयको पछिल्लो तीन शैक्षिक सत्रको प्रति शैक्षिक सत्रको बढीमा ४ अङ्कका दरले १२ अङ्क दिइनेछ । अध्यापन गरेको विषयमा प्राप्त नतिजा बापत अङ्क दिँदा प्रति वर्ष देहाएका आधारमा दिइनेछ।

$$\frac{\text{अध्यापन गरेको विषयको कक्षागत औसत उत्तिर्ण प्रतिशत}}{\text{सम्बन्धित विषयको पचालझरना गाउँपालिकाको औसत उत्तिर्ण प्रतिशत}} \times ४$$

सम्बन्धित विद्यालयमा बाहेक अन्य विद्यालयका शिक्षक प्रधानाध्यापक उम्मेदार भएको अवस्थामा निजले पढाएको विद्यालयको विद्यार्थीको उपलब्धिको आधारमा यस खण्ड अनुसारको मूल्याङ्कन गर्नुपर्नेछ ।

**(५) विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन कुल अंङ्क**

(क) विद्यालय विकास प्रस्तावको देहाएबमोजिम १० अङ्क हुनेछ।

(अ) विद्यालयको वर्तमान शैक्षिक भौतिक र आर्थिक अवस्थाको विश्लेषण- ३ अङ्क

(आ) विद्यालयले हासिल गर्नपर्ने अपेक्षित उपलब्धि -३ अङ्क

(इ) विद्यालयको बर्तमान शैक्षिक स्थिति र अपेक्षित उपलब्धि विचको सूचकगत अन्तर-२ अङ्क

(ई) अपेक्षित उपलब्धि हासिल गर्ने स्रोत पहिचान सहितको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना- २ अङ्क

(ख) विद्यालय विकास प्रस्तावको प्रस्तुतीकरण- ४ अङ्क

(६) **अन्तर्वार्ता मूल्याङ्कन कुल अङ्क – १५**

(क) अन्तर्वार्ताको देहाएबमोजिम १५ अङ्क हुनेछः

(अ) व्यक्तित्व / प्रस्तुतीकरण – २ अङ्क

(आ) नेतृत्व लिने क्षमता – ५ अङ्क

**नेतृत्व क्षमता मूल्याङ्कन फारम**

| मूयाङ्कनका आधार | अति उत्तम(१.२५) | उत्तम (१.०) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क) शिक्षण पेशाप्रति निष्ठावान तथा लगनशील | | | | |
| (ख)विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव | | | | |
| (ग) विद्यालयको शैक्षिक गुणस्तर वृदिका लागि योजना निर्माण, कार्यन्वयन र मूल्याङ्कन गर्न र विद्यार्थी शिक्षक र व्यवस्थापन समितिविच प्रभावकारी सम्बन्ध स्थापना गर्न तथा समुदायलाई प्रभावकारी रूपमा परीचालन गर्न सक्ने क्षमता | | | | |
| (घ) उत्तरदायित्व र पारदर्शीता सम्बन्धि व्यवहार | | | | |
| जम्माः | | | | |

**(इ) शैक्षिक प्रशासन सम्बन्धि ज्ञान -५ अङ्क**

| मूल्याङ्कनको आधार | अति उत्तम(१.२५) | उत्तम (१.०) | मध्यम (०.७५) | सामान्य (०.५०) |
|---|---|---|---|---|
| (क)क्यालेणडर, योजना निर्माण | | | | |
| (ख)बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन | | | | |

पचालझरना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पडेक्षा, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

कुमार राणा प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| (ग)निर्णय गर्ने क्षमता, मूल्याङकन सीप | | | | |
| (घ)कानूनी ज्ञान | | | | |
| जम्माः | | | | |

(ई) विद्यालय व्यवस्थापनमा नवप्रवर्धन – ३ अङ्क

(७) सूचना र प्रविधि सम्बन्धि ज्ञान – कूल अङ्क १२

| क्रं. स. | परीक्षणको क्षेत्र | पूर्णाङ्क |
|---|---|---|
| | (क) ICT सम्बन्धि | ७ |
| १ | कम्पुटरको आधारभूत सीप( Windows, File Management, MS Word, Power point and Excel) | ३ |
| २ | Typing( Nepali and English) | २ |
| ३ | इमेल, इन्टरनेट तथा Google Drive/ online प्रणालीको प्रयोग | २ |
| | (ख)IEMIS सम्बन्धी | ५ |

अनुसूची -२

## विद्यालय विकास प्रस्तावको नमूना

१. प्रस्तावना
२. पृष्ठभूमि
३. समस्याको विश्लेषण
४. प्रस्तावको उद्देश्य
५. प्रस्तावित कार्यक्रमहरू

| क्र.सं. | कार्यक्रम | अपेक्षित परिणाम |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |

| | | |
|---|---|---|
| | | |

६. कार्यान्वयनको खाका

७. स्रोत व्यवस्थापनको कार्ययोजना

| क्र.सं. | शीर्षक | अनुमानित रकम(रू) |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| | जम्माः | |

८. अपेक्षित उपलब्धि

९. अनुगमन तथा मूल्याङ्कन

१०. दिगोपना तथा जोखिम व्यवस्थापन

११. विद्यालय व्यवस्थापनमा नवप्रवर्तन, नवीनतम उपायहरू

## अनुसूची - ३
## निवेदनको ढाँचा

श्री प्रमुखज्यू,
शिक्षा युवा तथा खेलकुद शाखा,
पचालझरना गाउँपालिका, पडेक्षा कालिकोट

विद्यालयः प्रधानाध्याक पदमा नियुक्ति सम्बन्धमा।

महोदय, प्रस्तुत विषयमा पचालझरना गाउँपालिकाको मिति........को विज्ञापन नं. ...अनुसार विद्यालयको प्रधानाध्यापक पदमा नियुक्ति लागि प्रकाशित सूचना आह्वान भए बमोजिम मैले आचश्यक योग्यता तथा पुरा गरेको हुँदा पचालझरना गाउँपालिकाका वडा नं... को श्री .......... विद्यालयमा प्रधानाध्यापक पदमा नियुक्तिका लागि यो दरखास्त पेश गेरको छु। मैले नेपाल सरकार तथा स्थानीय तहबाट निर्धारण गरिएका कानुनी व्यवस्था, योग्यता अनुभव, तथा आवश्यक कागजातहरू यसै निवेदनसाथ संलग्न गरी पेश गरेको छु ।अवसर प्रदान भएमा विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, सुशासन, उत्तरदायित्व, विद्यालय व्यवस्तापन, शिक्षक-कर्मचारी समन्वय,विद्यार्थी सिकाइ उपलब्धि सुधार तथा विद्यालयको समग्र विकासमा पूर्ण इमान्दारी, निष्ठा र जिम्मेवारीका साथ कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

अतः मेरो निवेदनउपर आवश्यक मूल्याङ्कन गरी प्रधानाध्यापक पदमा

नियुक्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाइदिनुहुन विनम्र अनुरोध गर्दछु।

<u>संलग्न कागजातहरू</u>

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

२. शैक्षिक योग्यताका प्रमाणपत्रहरूको प्रतिलिपी

३. स्थायी शिक्षक नियुक्ति तथा बढुवासम्बन्धी प्रमाणपत्रहरू

४. अनुभव,अध्यापन अनुमति पत्र, र अस्थायी सेवा अवधिका प्रमाणहरू

५. तालिम तथा पेशागत विकास सम्बन्धी प्रमाणपत्रहरु

६. अध्यपन गरेको विषयको सिकाइ उपलब्धि खुल्ने कागजातहरू

७. विद्यालय विकास प्रस्ताव

८. अन्य आवश्यक कागजातहरू

**निवेदक**

नामः ......................... सम्पर्क नं. ....................

पदः .......................... ठेगानाः ........................

विद्यालयः .................... मितिः .........................

शिक्षक सङ्केत नं. ................ हस्ताक्षरः ..................

**अनुसूची – ४**

प्रधानाध्यपक पदमा नियुक्तिपत्रको ढाँचा

श्री ...............................

ठेगानाः .......................

विषयः प्रधानाध्यपक पदमा नियुक्ति सम्बन्धमा ।

विद्यमान शिक्षा ऐन, शिक्षा नियमावली तथा प्रधानाध्यपक व्यवस्थापन कार्यविधी बमोजिम सम्पन्न प्रतिस्पर्धात्मक प्रक्रियाबाट छनौट तथा सिफारिस हुनु भएकोले यस कार्यलयको मिति ...........को निर्णयानुसार तपाईलाई श्री ....................विद्यालय, वडा नं. ...... को प्रधानाध्यापक पदमा नियुक्ति गरिएको छ ।

**नियुक्तिसँग सम्बन्धित कार्य सर्तहरूः**

१. प्रचलित शिक्षा सम्बन्धि कानुन, कार्यविधी तथा गाउँपालिकाबाट जारी निर्देशनहरूको पूर्ण पालना गर्नुपर्नेछ।

२. विद्यालयको आर्थिक, प्रशासनिक,तथा शैक्षिक व्यवस्थापनमा पारदर्शिता, सुसासन जवाफदेहिता कायम गर्दै विद्यालय सुधार योजना र वार्षिक कार्ययोजना प्रभावकारी कार्यान्वयन गर्नुपर्नेछ ।

३. नियुक्तिका अन्य शर्तहरू प्रचलित कानुन तथा गाउँपालिकाको निर्णयबमोजिम लागु हुनेछन्।

प्रधानाध्यापक पदमा नियुक्ति हुनुभएकोमा हार्दिक बधाई एवं सफल

कार्यकालको शुभकामना। तपाईको अनुभव र कार्यकुशलतालाई विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि हुनेछ भन्ने पूर्ण अपेक्षा गरेको छु।

प्रमुख प्रशासकीय अधिकृत
पचालझरना गाउँपालिका कालिकोट

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय एकाइ, कालिकोट
श्री विद्यालय व्यवस्थापन समिति ................................. विद्यालय
श्री ..........................विद्यालय पचालझरना .....कालिकोट

**अनुसूचीः-५**
**(परिच्छेद ३ (५) सँग सम्बन्धित)**

सरूवा वा काज सरुवाको लागि दिइने व्यक्तिगत निवेदनको विवरण

श्री प्रमुखज्यू,
शिक्षा, युवा तथा खेलकुद शाखा
पचालझरना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
कर्णाली, प्रदेश नेपाल।

**विषयः काज सरुवा / सरुवा गरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा तँहा कार्यालयको मिति.....................को काज सरुवाको लागि भएको सूचना अनुसार म हाल श्री...............................................विद्यालयमा मिति..................................देखि नियमित रुपमा अध्यापन गरिरहेकोले हाल मैले काज सरुवा वा सरुवा भई जान चाहेका पचालझरना गाउँपालिका भित्रका तपसिल बमोजिमका विद्यालयलाई प्राथमिकताक्रममा राखेको छु। सोही बमोजिमका विद्यालयमा काज सरुवा वा सरुवा गरिदिन हुन यो निवेदन पेश गरेको छु ।

शिक्षकको नामः ....................
सहीः .............................
मितिः ..........................
इमेल ठेगाना .................
सम्पर्क नं. ................…

| क्र.स. | विद्यालयको नाम | प्राथमिकताक्रम नं. | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

| | | | |
|---|---|---|---|
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| .... | | | |
| २७ | | | |

अनुसूचीः- ६

## पद रिक्त भएको विवरण

श्री प्रमुखज्यू,

शिक्षा, युवा तथा खेलकूद शाखा

पचालझरना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

कर्णाली, प्रदेश नेपाल।

**विषयः पद रिक्त भएको सम्बन्धमा।**

यस.........विद्यालयमा------------------------- -------.कारणबाट मिति..................... देखि............................................तह र विषयको कार्यालय सहयोगी/सहायक/बालविकास सहजकर्ता/शिक्षक को पद रिक्त हुन आएकोले जानकारीका लागि अनुरोध छ ।

प्रधानाध्यापकको नामः

सहीः

विद्यालयः

मितिः

पचालझरना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पडेक्षा, कालिकोट कर्णाली प्रदेश, नेपाल २०७३

अनुसूची- ७

<u>सरुवा हुन दिइने निवेदन</u>

श्री प्रमुखज्यू,
शिक्षा, युवा तथा खेलकूद शाखा
पचालझरना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
कर्णाली, प्रदेश नेपाल।

**विषयः सरुवा सम्बन्धमा।**

मलाई निम्नलिखित विद्यालयमा सरुवा गरि दिन हुन देहायका विवरणहरू खुलाई निवेदन गरेको छु।

शिक्षकको नाम थरः

स्थायी ठेगानाः

तह र श्रेणीः

हालको विद्यालयको नाम र ठेगानाः

सरुवा भै जान चाहेको विद्यालयको नाम र ठेगानाः

योग्यता र तालिमः

स्थायी नियुक्ति मितिः

हालको विद्यालय/पालिकामा काम गरेको अवधिः

सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको-
सहीः
नामः
विदयालयः
मितिः

## सरुवा भै जाने विद्यालयको सहमति

यस विद्यालयका शिक्षक श्री............................................................लाई विद्यालय व्यवस्थापन समितिको मिति ....................को निर्णयअनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति प्रदान गरिएको छ।

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिको अध्यक्षको-
सहीः
नामः
विद्यालयः मितिः

## सरुवा भई आउने विद्यालयको सहमति

.......................................विद्यालयका शिक्षक श्री ...............................................लाई व्यवस्थापन समितिको मिति............................ को निर्णय अनुसार यस विद्यालयमा सरुवाभई आउन सहमति दिइएको छ ।

विद्यालयको छापः
विद्यालय व्यवस्थापन समितिको
सहीः
नामः
विद्यालयः
मितिः

अनुसूची- ८

अन्तर पालिका / जिल्लान्तर सरुवा हुन दिइने निवेदन

श्री प्रमुखज्यू,

शिक्षा, युवा तथा खेलकूद शाखा

पचालझरना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

कर्णाली, प्रदेश नेपाल।

विषयः सरुवा सम्बन्धमा।

मलाई निम्नलिखित विद्यालयमा सरुवा गरि दिन हुन देहायका विवरणहरू खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम थरः.........................................

स्थायी ठेगानाः....................................................

तह र श्रेणीः.....................................................

स्थायी नियुक्ति मिति ः..........................................

हालको विद्यालयको नाम र ठेगानाः................................

सरुवा भै जान चाहेको विद्यालयको नाम र ठेगानाः.............

योग्यता र तालिमः................................................

हालको पालिका / जिल्लामा काम गरेको अवधिः.................

सरुवा माग गर्नु पर्ने कारणः.............................

निवेदकको-

सहीः

नामः

विदयालयः

मितिः

## सरुवा भै जाने गाउँ/नगरपालिकाको सहमति

यस गाउँ/नगरपालिका ......... ..............................विद्यालयका शिक्षक श्री ...,,,,,,,,,,.........लाई गाउँ/नगरपालिकाको नगर शिक्षा समितिको मिति................... निर्णय अनुसार यस नगरपालिकाबाट सरुवा भईजान सहमति प्रदान गरिएको छ।

गाउँ/नगरपालिकाको छाप

शिक्षा शाखा प्रमुखको-

सहीः

नामः

गाउँ/नगरपालिकाः

मितिः

## सरुवा भई आउने गाउँ/नगरपालिकाको सहमति

.........................................विद्यालयका शिक्षक श्री........................लाई गाउँ, नगरपालिकाको शिक्षा समितिको मिति .................. को निर्णय अनुसार यस गाउँ/नगरपालिकामा सरुवा भई आउन सहमति दिइएको छ ।

गाउँ/नगरपालिकाको छापः

शिक्षा शाखा प्रमुखको-

नाम :

सही:

मितिः

आज्ञाले

कुमार राना

प्रमुख प्रशासकीय अधिकृत